# बागमती प्रदेश सभा

## दोस्रो कार्यकाल

## छैठौं अधिवेशन

बैठक संख्याः ०२ र ०३

सूचना पत्र -२

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ ६ गते, मङ्गलबार

बागमती प्रदेश सभा
हेटौंडा, नेपाल

बागमती प्रदेश सभाको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १:४७ बजे बस्यो।

सर्वप्रथम माननीय सभामुखले आजको बैठकमा विशेष समय रहने व्यहोरा जानकारी गराउनुभयो। त्यसपछि भएको विशेष समयमा देहायबमोजिमका माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु भयो:-

| | |
|---|---|
| १.माननीय इन्द्र बहादुर बानीया | २.माननीय तारा नारायण श्रेष्ठ |
| ३. माननीय कुमारी तामाङ | ४. माननीय वसन्त प्रसाद मानन्धर |
| ५. माननीय सुरेन्द्र राज गोसाई | ६. माननीय डा दिनेश चन्द्र .देवकोटा |
| ७. माननीय छिरिङ दोर्जे लामा | ८ .माननीय मायादेवी शर्मा |
| ९. माननीय उर्मिला नेपाल | १० .माननीय जयराम थापा |
| ११. माननीय ईन्द्र प्रसाद गोतामे | १२. माननीय ॐ कुमारी श्रेष्ठ |
| १३. माननीय शान्ता ढकाल | १४ .माननीय भारती कुमारी पाठक |
| १५. माननीय युवराज दुलाल | १६. माननीय लक्ष्मण लम्साल |
| १७. माननीय यमुना देवी श्रेष्ठ | १८ .माननीय केशव प्रसाद पोखरेल |
| १९. माननीय प्रभात तामाङ | २० .माननीय भरत बहादुर के.सी. |
| २१. माननीय सरल सहयात्री पौडेल | २२ .माननीय ठूला थामी |

त्यसपछि माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङले **"मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन २०८०/०८१"** सभामा पेस गर्नुभयो।

तत्पश्चात शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय ठाकुर प्रसाद ढकालले प्रदेश **"प्रदेश** कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर शिक्षा, स्वास्थ्य तथा कृषि समितिले

गरेको निर्णयको प्रतिवेदन २०८१ र "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन सभामा पेश गर्नुभयो।

त्यसपछि उद्योग, पर्यटन तथा वातावरण समितिका माननीय सभापति आनन्द कुमार श्रेष्ठले "प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रतिवेदन, २०८१ र "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन, २०८१ सभामा पेश गर्नुभयो।

त्यसपछि माननीय सभामुखले "प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ "प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम "प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१" प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्नुभयो।

त्यसपछि माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री सुरजचन्द्र लामिछानेले "प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१" प्रस्तुत गर्नुभयो।

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले, आर्थिक वर्ष २०८२/८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्रथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" प्रस्तुत गरी सभामा पेस गर्नुभयो।

तदनन्तर अर्को बैठक आजै ५:४५ बजे बस्ने गरी यो बैठक दिनको ५:३० बजे स्थगित भयो।

सभाको आजको दोस्रो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको ५:४७ बजे बस्यो। सर्वप्रथम माननीय सभामुखले यो बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गरानुभयो।

त्यसपछि माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले आर्थिक वर्ष २०८२/८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि माननीय सभामुखले माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८२/८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुदाँ सर्वसम्मतिबाट स्वीकृत भयो।

त्यसपछि माननीय सभामुखले माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले पेस गर्नु भएको आर्थिक वर्ष २०८२/८३ को लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक)" माथिको छलफल मिति २०८२ जेठ ७, ८ र ९ गते बस्ने बैठकमा हुने व्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर सभाको अर्को बैठक मिति २०८२ जेष्ठ ७ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक दिनको ६:०० बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव